म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष:१६ अङ्क:- ३३ २०८१ पुस ५ गते शुक्रबार 20 December 2024, Friday - पृष्ठ ४ मूल्य रु. ५/-

## स्याङ्तान चर्चमा मृत भेटिइन्

हेटौँडाः मकवानपुर जिल्लाको कैलाश गाउँपालिका-१० की ४४ वर्षीया छिरिङ स्याङ्तान चर्चमा मृत भेटिएकी छिन् ।

बुधबार साँझ साढे ५ बजेको समयमा चितवन जिल्लाको राप्ती नगरपालिका-२, गड्यौलीस्थित गड्यौली चर्चमा बस्दै आएकी स्याङ्तान ओछ्यानमा बेहोस अवस्थामा छोराछोरीले देखेपछि उपचारका लागि भरतपुर अस्पताल लगिएको थियो । उपचारको क्रममा स्याङ्तानको बुधबार साँझ ६ बजेर १५ मिनेटको समयमा मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

### उपनिर्वाचनका ६ जना उम्मेद्वारले बुझाए खर्च विवरण

# वडाअध्यक्ष निर्वाचित तिवारीको खर्च १ लाख ७ हजार

समाज संवाददाता

हेटौँडा: हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१२ को वडाध्यक्ष पदका लागि भएको उपनिर्वाचनका आधा उम्मेद्वार ले खर्च विवरण बुझाएका छन् । गत मंसिर १६ गते सम्पन्न स्थानीय तहको उपनिर्वाचनमा वडाध्यक्ष पदका लागि उम्मेद्वारी दर्ता गराएका १२ जनामध्ये ६ जनाले बागमती प्रदेश निर्वाचन कार्यालयमा खर्च विवरण बुझाएको कार्यालयका प्रमुख हरिप्रसाद ढकालले जानकारी दिनुभएको हो ।

वडाध्यक्ष पदका लागि उम्मेद्वारी दर्ता गराएका नेपाल कम्युनिष्ट पार्टी (माओवादी) केन्द्रका रविकुमार प्रधान (रविन), जनता समाजवादी पार्टी (जसपा) का छविलाल वाइबा, मंगोल नेशनल अर्गनाइजेसनका दीपा लामा, स्वतन्त्र उम्मेदवार अर्जुन घलान, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का प्रेमबहादुर भोलन र वडाध्यक्षमा निर्वाचित नेपाली कांग्रेसका अर्जुनप्रसाद तिवारीले खर्च विवरण बुझाएका छन् ।

वडाध्यक्ष पदमा निर्वाचित नेपाली कांग्रेसका अर्जुनप्रसाद तिवारीले १ लाख ७ हजार रुपैयाँ खर्च गरेको निर्वाचन कार्यालयमा बुझाइएको विवरणमा उल्लेख छ। मतदाता नामावली खरिदमा ५ हजार ६ सय रुपैयाँ, सवारी साधनमा ४५ हजार रुपैयाँ, प्रचारप्रसार सामग्रीमा ४२ हजार ४ सय रुपैयाँ र अन्यमा १४ हजार रुपैयाँ खर्च भएको विवरण तिवारीले पेश गर्नुभएको छ ।

निर्वाचन कार्यालयमा बुझाइएको खर्च विवरणअनुसार माओवादीका प्रधानको ८६ हजार ५ सय ४० रुपैयाँ खर्च भएको छ । प्रधानले सवारी साधनमा १८ हजार रुपैयाँ, प्रचारप्रसार सामग्रीमा ३४ हजार ५ सय ४० रुपैयाँ, कार्यकर्ता परिचालनमा २५ हजार रुपैयाँ र अन्य प्रचारप्रसारमा ९ हजार रुपैयाँ खर्च भएको विवरण प्रदेश निर्वाचन कार्यालयमा बुझाउनुभएको छ ।

जनता समाजवादीका जोशीले ३२ हजार ७० हजार रुपैयाँ खर्च भएको विवरण बुझाउनुभएको छ । उहाँले सवारी साधनमा ४ हजार २० रुपैयाँ, इन्धनतर्फ ३ हजार रुपैयाँ, प्रचार सामग्रीमा २१ हजार रुपैयाँ, कार्यालय सञ्चालनमा ३ हजार रुपैयाँ र अन्य ६ हजार २ सय रुपैयाँ खर्च भएको विवरण बुझाउनुभएको हो ।

मंगोल नेशनल अर्गनाइजेसनकी दीपा लामाले ३१ हजार रुपैयाँको खर्च विवरण पेश गर्नुभएको छ। उहाँले व्यानर खर्च १८ हजार रुपैयाँ र अटो भाडा १३ हजार रुपैयाँगरी ३१ हजार रुपैयाँ खर्च भएको विवरण पेश गर्नुभयो । स्वतन्त्र उम्मेद्वार घलानले ६ हजार ५ सय रुपैयाँ खर्च भएको विवरण बुझाउनुभएको छ । उहाँले प्रचारप्रसारमा ३ हजार र विद्युतीय माध्यममा ३ हजार ५ सय रुपैयाँको खर्च विवरण बुझाउनुभएको छ ।

राप्रपाका प्रेमबहादुर भोलनले १ लाख ५४ हजार ४ सय रुपैयाँ खर्च भएको विवरण बुझाउनुभएको छ । मतदाता नामावली खरिद ५ सय रुपैयाँ, सवारी साधन १८ हजार रुपैयाँ, सवारी इन्धन १४ हजार रुपैयाँ, प्रचारप्रसार सामग्री २५ हजार रुपैयाँ, ढुवानी ५ हजार ४ सय रुपैयाँ, कार्यकर्ता परिचालन ३५ हजार रुपैयाँ, अन्य प्रसारण माध्यम १४ हजार रुपैयाँ, कार्यालय सञ्चालन २१ हजार रुपैयाँ, प्रतिनिधि परिचालन १८ हजार रुपैयाँ र विविध ३ हजार ५ सय रुपैयाँ खर्च भएको उहाँले विवरण बुझाउनुभएको हो ।

मंसिर १६ गते सम्पन्न भएको उपनिर्वाचनमा उम्मेदवारी दिएका नेकपा एमालेका राजेश नगरकोटी, नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीका बलराम बल र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का आशावीर बलले खर्च विवरण बुझाएका छैनन् । यस्तै, स्वतन्त्र उम्मेदवारहरु फूलमाया तितुङ, छत्रप्रकाश अधिकारी र गीताकुमारी नेवारले पनि खर्च विवरण बुझाएका छैनन् । निर्वाचन सम्पन्न भएको १ महिनाभित्र खर्च विवरण बुझाउनुपर्ने नियम रहेको प्रदेश निर्वाचन कार्यालय हेटौँडाका प्रमुख ढकालले बताउनुभयो ।

## हात्तीको आक्रमणबाट माउते घाइते

समाज संवाददाता

हेटौँडाः मकवानपुरको मनहरी गाउँपालिका-६ मा हात्तीको आक्रमणबाट माउते घाइते भएका छन् । पर्सा राष्ट्रिय निकुञ्जको सुरक्षार्थ नेपाली सेनाको सबुज गणको पोष्टमा पालिएको हात्तीलाई बुधबार दिउँसो २ बजेको समयमा माउते सर्लाही जिल्लाको हरिपुर नगरपालिका-९ का २५ वर्षीय मनिष चौधरीले दाना पानी खुवाउँदै गर्दा अचानक हात्तीले सुडले हानेर घाइते बनाएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ । माउते चौधरीको शरीर र कानमा चोट लागेको प्रहरीले जानकारी दिएको छ । चौधरीको चितवनस्थित पुरानो मेडिकल कलेजमा उपचार भइरहेको छ ।

## लागूऔषधसहित २ जना पक्राउ

समाज संवाददाता

हेटौँडाः मकवानपुर प्रहरीले हेटौँडा-१५, रातोमाटेस्थित चेकपोस्टबाट लागूऔषध ओनरेक्ससहित २ जनालाई पक्राउ गरेको छ । बुधबार साँझ ५ बजेर ३० मिनेटको समयमा लागूऔषधसहित हेटौँडा-६ का २५ वर्षीय निश्चल विश्वकर्मा र बारा जिल्लाको जितपुर-सिमरा उपमहानगरपालिका-३ का १९ वर्षीय आर्यन अन्सारीलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

पथलैयाबाट हेटौँडातर्फ आउँदै गरेको ना ६१ प ७४९२ नम्बरको मोटरसाइकललाई रोकी सुरक्षाजाँच गर्दा मोटरसाइकल चालक विश्वकर्मा र मोटर साइकलमा सवार अन्सारीको साथबाट लागूऔषध बरामद भएको प्रहरीले जनाएको छ । मकवानपुर जिल्ला अदालतबाट ५ दिनको म्याद लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

## रुखबाट लडेर वृद्धको मृत्यु

समाज संवाददाता

हेटौँडाः रामेछाप जिल्लाको दोरम्बा शैलुङ गाउँपालिका-६, पुजाथानमा ७१ वर्षीय वृद्ध रामकृष्ण गौतमको रुखबाट लडेर मृत्यु भएको छ । बुधबार दिउँसो १२ बजेर १५ मिनेटको समयमा घरदेखि २ सय मिटर उत्तरतर्फ कुट्मिरोको रुखमा घाँस काट्ने क्रममा लडेर मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

हार्दिक बधाई




नेकपा एमाले हेटौँडा उपमहानगरपालिका कमिटीको हालै सम्पन्न अधिवेशनबाट **बोलबहादुर कार्की**को नेतृत्वमा नवनिर्वाचित उपमहानगर कमिटीलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

गोतामे मोक्तान, अध्यक्ष

एवम् नेकपा एमाले ८ नम्बर वडा कमिटी परिवार

हेटौंडा, मकवानपुर

हार्दिक बधाई



दशनामी समाजकी अभिन्न सदस्य एवम् सक्रिय समाजसेवी हेटौंडा-१ निवासी 'श्री जानकी गिरी' हेटौंडा उपमहानगरपालिका वडा नं. १ स्थित 'श्री अमर माध्यमिक विद्यालय' को विद्यालय व्यवस्थापन समितिको अध्यक्ष जस्तो गरिमामय पदमा सर्वसम्मत चयन हुनु भएकोमा हाम्रो समाज निकै नै गौरवान्वित भएको छ । यस सुखद् अवसरमा यहाँलाई हार्दिक बधाई ज्ञापन गर्दछौं । यहाँको कार्यकालमा विद्यालयले शैक्षिक सफलताको उच्च शिखर चुम्नेछ भन्ने हाम्रो दृढ विश्वासलाई सार्थक तुल्याउन सक्नुहोस् भन्ने शुभेच्छासहित असिम शुभकामना व्यक्त गर्दछौं ।

सुदिप राज गिरी
अध्यक्ष
नेपाल दशनामी समाज,
जिल्ला कार्यसमिति, मकवानपुर

तुलसी गिरी
केन्द्रीय सदस्य
नेपाल दशनामी समाज
केन्द्रीय कार्यसमिति, काठमाडौं



## सम्पादकीय

# निरर्थक बालमैत्री घोषणा

नेपालमा सरकारी तथा गैरसरकारी निकायले सामाजिक सुधारका लागि विभिन्न अभियान सञ्चालन गर्दै आएका छन् । विदेशी दातृ निकायको सहयोग र दबाबमा सञ्चालन हुने गरेका त्यस्ता अभियान र गरिएका घोषणा भने निरर्थक र उपलब्धीविहिन हुने गरेका छन् । करिब एक दशकअघि देशका विभिन्न स्थानीय निकाय, जिल्ला हुँदै देशलाई नै पूर्ण सरसफाइयुक्त र खुला दिशामुक्त घोषणा गरिएको भए पनि अझै त्यसले सार्थकता पाउन सकेको छैन । यस्तै, दशकौं अघिबाट सुरु भएको पूर्ण साक्षरता घोषणा अभियान अहिले पनि चलिरहेकै छ । देशका ६० भन्दा बढी जिल्ला पूर्ण साक्षर घोषणा भइसक्दा पनि अझै सबै जिल्लामा निरक्षर नेपालीको संख्या उल्लेख्य छ । विभिन्न रोगहरुबाट मुक्त भएको घोष्पाणामात्र नभई पूर्ण खोपयुक्त, बालश्रममुक्त, बालविवाहमुक्त, बालमैत्री शासनयुक्त, सडक मानवमुक्त आदि घोषणा अभियानले निकै प्राथमिकता पाउने गरेका छन् ।

करिब दुई वर्षदेखि हेटौंडा उपमहानगरपालिकाले हेटौंडालाई बालमैत्री शासनयुक्त स्थानीय तह घोषणा गर्न विभिन्न क्रियाकलाप गरिरहेको छ । उपमहानगरका करिब आधा वडाहरु बालश्रममुक्त, बालविवाहमुक्त र बालमैत्री शासनयुक्त वडा घोषणा भइसकेका छन् । तर, बालमैत्री घोषणा भइसकेकै वडामा बालश्रम अन्त्य हुन सकेको छैन । बुधबारमा मात्र बालमैत्री घोषणा भएका हेटौंडाका ४ र १० नम्बर वडाबाट ५ बालश्रमिकको उद्धार गरिएको छ । नगर बाल अधिकार समिति अन्तर्गतको बालश्रमिक उद्धार तथा पुनर्स्थापना उपसमितिले हेटौंडा बजारक्षेत्रको अनुगमन गर्ने क्रममा हेटौंडा-१० स्थित एक मोटरसाइकल वर्कसप र हेटौंडा-४ स्थित ३ वटा मोटरसाइकल वर्कसपबाट ५ जना बालकको उद्धार गरेको छ । अनुगमन टोलीले १३ वर्ष र १४ वर्षका एक-एक जना बालक र १५ वर्षका तीन जना बालकलाई उद्धार गरेको हो । बालश्रममुक्त हुँदै बालमैत्री घोषणा गरिएका वडाबाटै बालश्रमिक उद्धार गर्नुपर्ने अवस्थाले घोषणा निरर्थक बनिरहेको पुष्टि गर्दछ ।

मुलुकमा सञ्चालन हुने अभियान र गरिने घोषणाले हतारमा निर्णय गर्ने र फुर्सदमा पछुताउने उखानलाई चरितार्थ गर्ने गरेको छ । दातृ निकायलाई खुशी बनाउन र आफूलाई अरुभन्दा स्मार्ट देखाउन विभिन्न समस्याबाट मुक्त भएको घोषणा गर्ने गरिएको छ । यस्तै घोषणामध्येको एउटा बालमैत्री घोषणा पनि हो । तत्कालीन हेटौंडा नगरपालिकाको अग्रसरता र गैरसरकारी संस्थाको पहलमा करिब एक दशक अघि पनि हेटौंडाका विभिन्न वडालाई बालश्रममुक्त घोषणा गरिएको थियो । त्यतिबेला गैरसरकारी संस्थाले आफ्नो कार्यक्रम सफल देखाउन बालश्रममुक्त घोषणा गरिएको हुन सक्ने भए पनि अहिले त उपमहानगरपालिका आफैंले विभिन्न सूचक पूरा भएको पुष्टि गरेर वडा कार्यालयहरुकै आयोजनामा बालमैत्री वडा घोषणा भइरहेको हो । उपमहानगरपालिका आफैंले बालश्रममुक्तसहित बालमैत्री घोषणा गरेको वडाबाट बालश्रमिक उद्धार गर्दै जाने हो भने घोषणाको औचित्य कसरी पुष्टि होला ?

देशकै पहिलो बालमैत्री शासनयुक्त स्थानीय तह घोषणा भएको मकवानपुरको मनहरी गाउँपालिकामा पनि बारम्बार बालश्रमिक फेला पर्ने गरेको छ । बालश्रमसँगै बालविवाहसमेत मुक्त भएको घोषणा पछि बालमैत्री शासनयुक्त घोषणा गर्ने गरिए पनि बालश्रम र बालविवाहको समस्या अझै विद्यमान छ । विभिन्न दातृ निकाय र गैरसरकारी संघसंस्थासमेतको सहयोगमा सरकारी स्तरबाटै हुने सञ्चालन हुने गरेको अभियान र घोषणा निरर्थक बनिरहेका छन् । कसैको दबाबबाट मुक्त हुन र प्राप्त बजेट खर्च गर्नका लागि मात्र सञ्चालन हुने अभियान र गरिने घोषणाको औचित्य राज्यका निकायले पुष्टि गर्न सक्नुपर्छ । कुनै कुरा भएको वा नभएको घोषणा गर्नुअघि निर्धारित मापदण्ड र सूचकहरु पूरा भएको वस्तुगत परीक्षण हुनुपर्छ । कागजी दस्तावेजको आधारमा मात्र गरिने घोषणा निरर्थक बन्ने निश्चित छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार १११। |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : पारिवारीक दायित्व बढ्ने समय योग रहेको छ । |
| **वृष** | : व्यापार–व्यवसायका काममा समय व्यतित होला । |
| **मिथुन** | : साथीभाइसँग भेटघाटमा समय व्यतित होला । |
| **कर्कट** | : मुद्धा–मामिलाका काममा विजय प्राप्त होला । |
| **सिंह** | : बौद्धिक कार्यबाट प्रतिष्ठा र सम्मान होला । |
| **कन्या** | : आराम र विश्राम लिने समय योग छ । |
| **तुला** | : घर–परिवारका लागि समय व्यतित हुने योग छ । |
| **वृश्चिक** | : सम्बन्धमा देखिएका कमीकमजोरीहरु हटलान् । |
| **धनु** | : आध्यात्मिक अनुभव बटुल्ने समय योग रहेको छ । |
| **मकर** | : बजेटलाई सन्तुलन राख्दा राम्रो रहने समय छ । |
| **कुम्भ** | : दिगो फाइदाका लागि काम गरिने समय छ । |
| **मीन** | : प्रतिष्ठा र मानसम्मान प्राप्त हुने समय योग छ । |

# हाइब्रिड सत्ताको हावा र संक्रमित मुलुक



**गोकुल कार्की**

कुरोको शुरुआत सत्ता राजनीतिबाटै गरौं र एकपटक फेरि मध्यपूर्वतिरै लागौं । यतिखेर मध्यपूर्वमा अर्को संकट थपिएको छ । सिरिया विद्रोहीहरूको कब्जामा गएको छ। भर्खरै सिरियाली राष्ट्रपति बसर अल असद देश छाडेर पलायन भएका छन् । भन्ने गरिन्छ, राजा मरेर काज अड्किन्न । यानि कि, सार्वभौम देशको गतिविधि आफ्नै लयमा अगाडि बढ्छ ।

तर सिरियाको अवस्था हेर्दा त्यस्तो देखिन्न । मानौं कि, असदको पतनसँगै सिरिया मरेको छ । निर्जीव सिरियाको सिनोमाथि यतिखेर चिल-गिद्धका झुण्डहरू झुत्तिरहेका छन् ।

यो लेख्दै गर्दा सिरियाका सामरिक महत्वका क्षेत्रहरूमा अहिले वैदेशिक हमला जारी छ । लडाकू विमानहरू, बम बारूद, तोप गोला, क्षेप्यास्त्रहरू बर्सिरहेका छन् ।

असदको पलायन भइसकेको, आफूले उचालेका विद्रोहीहरूको हातमा सत्ता आइसकेको अवस्थामा तिनीहरूले सिरियाली हवाई अड्डा, सैन्य सामग्री भण्डारमा किन तारो हानिरहेका छन्, दुनियाँ आश्चर्यमा छ ।

राज्यसत्ता चलाउन आएका विद्रोहीहरूलाई भोलिका दिनमा सग्लो सिरिया, सकल अनि सबल सिरिया, सिरियाली सैन्य बल नचाहिने त पक्कै हैन होला ! र पनि इजरायल, टर्की लगायतद्वारा जारी हमलामाथि विद्रोहीहरू किन मौन छन्, ताज्जुबको विषय छ ।

नागरिक दमन गर्ने राज्यसत्ता दुश्मन हुन सक्छ । दुश्मन सत्तासँग रहेको संरचनाले खतरा उत्पन्न गराउने सम्भावना रहुन्जेल हमला हुन सक्छ । त्यसमाथि हतियार उठ्न सक्छ । तर कुनै पनि विद्रोही समूहले राज्यसत्ता जितिसकेपछि राज्यको संरचनामाथि कदाचित हमला गर्दैन । तर सिरियामा अपवाद देखिंदैछ ।

वास्तवमा सिरिया अहिले विद्रोहीको भन्दा पनि वैदेशिक हमलाकारीको हातमा पुगेको छ, जसले सिरियाली विद्रोहीहरूलाई मोहोरा बनाउँदै विद्रोहीको स्वरूपबाट सोझै देशद्रोहीको कित्तामा हुत्याएको छ ।

जबसम्म असद सिरियामा रहे, कसैले यसरी प्रत्यक्ष हमला गर्ने हिम्मत गरेको देखिएन । त्यसैले पनि मान्नै पर्ने हुन्छ, सिरियालाई आजसम्म दुश्मनी हमलाबाट जोगाउने मान्छे त असद नै र हेछन् । यति कुरा ठोकुवा साथ भन्न जोखाना हेरिरहनु परेन ।

हिजो अफगानिस्तान, इराक, लिविया लगायत देशहरूमा लाखौंलाख जनताको रगतमाथि होली खेल्ने शक्तिले नै सिरियामा सत्तापलट गरायो भन्ने कुरामा दुईमत नहोला । कब्जामा परिसकेका वर्तमान, निवर्तमान शासकहरूलाई मार्ने, सडकमा घिसार्ने, कठपुतलीहरुलाई मानवअधिकारवादी र लोकतान्त्रिक मसिहाको जामामा नचाउँदै हाइब्रिड सत्ताको अभ्यासलाई जबर्जस्त लाद्ने तिनको परम्परागत विधि-प्रक्रिया अनि ढाँचाको पछिल्लो कडीमा अब सिरिया पनि परेको छ ।

हाइब्रिड सत्ता भनेको त्यस्तो सत्ता हो जसले स्थानीय जात-जाति, भाषाभाषी, तिनको मूल्यमान्यता, संस्कार अनि संस्कृतिलाई मूलतः निषेध गर्दछ । यसमा मान्छेहरुको लत बसाल्ने आकर्षक कलेवर, स्वाद र बनावटका मन्द विषको मिलावट गरिन्छ । जब लत बसालिन्छ, हाइब्रिड सत्ताले आफ्नो रुप देखाउन शुरु गर्दछ ।

राजनीतिमा होस् या आर्थिकमा । संस्कारमा होस् या संस्कृतिमा । बालीबिरुवा पशुपक्षीमा होस् या कृषिमा । हाइब्रिड सत्ताको प्रभाव चौतर्फी छ । जस्तै उदाहरणका लागि कृषिमै प्रवेश गरौं । बढी उत्पादनको लोभमा हाइब्रिड प्रजातिका धान, मकैको खेती त गर्छौं, उत्पादन पनि बढाउँछौं, तर गुणस्तर ? ध्यान कमै छ । उत्पादन त बढाउँछौं, तर भूस र ढुटोको बढोत्तरीलाई नजरअन्दाज गरिदिन्छौं । हाइब्रिडको आगमनसँगै बारी, कान्ला, गरा, खेत-खलियान, फाँट जताततै रोगको प्रकोप फौजी स्तरमा फैलँदो छ । विषादीको प्रयोग विना फसल भित्र्याउन हम्मे छ ।

बल्ल-बल्ल भित्र्यायो, भण्डारणमा जोगाउन उस्तै कठिन । जबकि विगतमा स्थानीय जातको अनाज वर्षौं वर्ष राख्दा पनि किसान यो समस्यामा कमै थिए । तर अहिले के भा'को । कम्प्युटरका प्रोगाममा भाइरस पठाएर एन्टिभाइरसको व्यापार गरे झैं हाइब्रिड सत्ताले जैविक सेनाका रूपमा विभिन्न जातका, बेनामी कीरा-फट्याङ्ग्राहरू बीउबिजन सँगसँगै पठाई विषादीको व्यापार चम्काउँदैछ ।

अझ योभन्दा पनि दुःखको कुरा त हामी स्थानीय जातको खेतीमा रहँदा बीउबिजनमा आत्मनिर्भर थियौं । हामीले गरेको खेतीबाट जन्मसिद्ध गुणको रूपमा बीजको उत्पादन हुन्थ्यो । तर अहिले ? भकारीभरी धान छ, मकैको कुन्यूँ छ तर बीज छैन । एक पटकलाई मात्र काम दिने गरी सुमारेको बीउलाई बजारीकरण गरिएको छ ।

परिणामतः वर्षैपिच्छे बीउबिजनको खोजीमा लाम लाग्नुपरेको छ । उनीहरूको ढोका-ढोकामा भौंतारिनुपरेको छ । भोलिका दिनमा हाइब्रिड सत्ताको मालिकले बिजनमा अङ्कुश लगायो भने ? हो, राजनीतिलाई पनि अहिले यस्तै बनाइएको छ । बनाउने प्रयास जारी छ ।

मानवअधिकारको रक्षा भन्ने तर मान्छेकै बलि चढाउने, आम विनाशकारी हतियार निर्माणलाई रोक्ने भन्ने तर तिनै हतियारको बलमा विश्वमा नरसंहार मच्चाउने, आफूलाई लागेको हरेक कुरा बलात् लाद्ने सिद्धान्तको पर्याय बनेको छ हाइब्रिड सत्ताद्वारा निर्देशित तिनको सत्तातन्त्र ।

भन्ने गरिन्छ, कुनै पनि देशको पतनमा बाह्य भन्दा आन्तरिक कारण प्रमुख हुन्छ । त्यसमा प्रमुख भूमिका कठपुतली बन्न तयार पात्रले निभाएको हुन्छ । हमिद कारजाई, नूर मलिकी, असरफ घानी, जेलेन्स्की लगायतकाहरू त्यसका जिउँदोजाग्दो उदाहरण हुन् । हाइब्रिड सत्ताद्वारा परिचालित सक्कली बीजहरू यिनै हुन् ।

मान्छेहरूको कत्लेआम कसरी गर्नुपर्छ हाइब्रिड सत्तालाई भरपुर ज्ञान छ । सद्दामलाई मारेपछि नूर मलिकीको इराकमा के भयो, छर्लंगै छ। लिबियामा गद्दाफीको हत्यापछि कति नरसंहार मच्चाइयो, कुनै लेखाजोखा छैन ।

हाइब्रिड सत्ताको गोठालो हमिद कारजाई र असरफ घानीको घानमा परेका लाखौं-करोडौं अर्गानिक बीजहरू अफगानिस्तानमा पुनर्जागृत भएर तिनलाई खेदिसकेको अवस्था हेर्दा थोरै आशाको किरण देखिए पनि सिरियाको नयाँ घाउले विश्व मानव जगतलाई पीडा दिएको छ ।

सिरियाकै जस्ता हाइब्रिड सत्ताका भरियाहरू हामीकहाँ पनि बग्रेल्ती छन् । मध्यपूर्वका निरीह बालबालिकाहरूमाथि वज्रिने इजरायलीका हरेक तोपगोलालाई सलाम ठोक्ने गर्छन् । स्कुल, कलेज, अस्पताल, बालबालिका, महिला, वृद्धवृद्धा, बिरामीका शय्याहरू बारुदका धुवाँसँगै आकाशमा विलाउँछन्, यता इजरायली शक्तिको महिमा गाउन सुरु हुन्छ । यसको विरोध हुनुपर्छ भनियो भने १२०० जना इजरायली किन मारियो त भन्ने उत्तर सहजै प्राप्त हुन्छ ।

मानौं, १२०० इजरायली मारिनु अघि हमास, हेजबुल्लाह, प्यालेस्टाइनीसँग उसको सम्बन्ध सुमधुर थियो । यो द्वन्द्वको जग के हो, बुझ्नु पनि नपर्ने । कति सतही जवाफ । आखिर हाइब्रिड सत्ताको स्कूलिङ न पर्‍यो !

हिटलरले खेदेका यहूदीहरू जब जर्मनबाट लुक्दै भाग्दै इजरायल पुगे, इजरायललाई फैलाउने चेष्टा सहित आदिवासी प्यालेस्टाइनीको भूमि हडप्न थाले । गाजा लगायत पश्चिम तटीय क्षेत्र अहिले पूर्णतः भग्नावशेषमा परिणत भएको छ । यसरी सन् १९४८ मा स्थापित इजरायल मध्यपूर्वको दादा बन्यो, बन्ने क्रम जारी छ । यो कसले बुझिदिने ?

हिटलरले खेदेका यहूदीहरू जर्मन फर्किएर किन विद्रोह गर्न सकेनन् भन्ने सवाल गरियो भने सम्भवतः सवाल अनुत्तरित नै रहला । हिटलरको ग्यास चेम्बरमा जलेर खरानी भएका आफ्ना पुर्खाको विरासत जर्मनतिर पनि त छ भन्ने राज तिनले किन भुले होला !

नेतान्याहूसँग साँच्चै नै दम छ भने जर्मनीसँग किन मुन्टो लुकाउँछन् र यताका निरीह प्यालेस्टाइनीसँग दादागिरी देखाउँदै छन् भन्ने सवाल कसैले उठाएको पनि देखिन्न । सायद तिनको शक्तिसँग सबै थुर्थुर छन् ।

अरबीहरूलाई तिनकै माटोमा घरबारविहीन बनाएपछि, आफ्नै आँगनमा शरणार्थीको जीवन जिउन बाध्य पारेपछि तिनीहरू के सधैं बुद्ध बन्न सक्छन् ? अनि उनीहरू हमास नबनेर के बन्छन् ? हेजबुल्लाह नबनेर के बन्छन् ?

तर कठपुतलीहरूलाई इतिहास थाहा छैन । गुनगान गाउनु, यसो ओहोरदोहोर गर्ने भिसा लगाइपाउनु, यताको धन उता थुपार्नु, तस्करीको माल लुकाउनु, अमूक बहुराष्ट्रिय कम्पनीहरूमा लगानी बढाउनु, जनताले विद्रोह गरिहाले भने भागेर टाउको लुकाउनकै लागि पीआर, ग्रिनकार्ड हात लगाउँदै मालिकको सेवामा हाजिरी जनाउनु भन्दा खासै मकसद पनि त छैन ।

हिजो पनि यिनको ड्युटी यही थियो । सद्दाम हुसेनको समृद्ध इराक तहसनहस पारिंदा होस् या कर्णेल मोहम्मद गद्दाफीको शरीर सडकमा घिसारिंदा, हाम्रा भरियाहरूले ताली नठटाएको पल कुनै थियो र ?

इराकमा इराकी मार्न, अफगानिस्तानमा अफगानी मार्न, कार्गिलमा पाकिस्तानी मार्न, फकल्याण्डमा अर्जेन्टिनी मार्न र पछिल्लो समय रसियामा रसियन मार्न युक्रेन, अमेरिकी-बेलायती-भारतीय सेनाको क्याम्पमा भर्ती हुँदा नदुखेको कपाल अहिले एकादुई नागरिक रसियन पक्षमा भर्ती हुँदा दुखेको छ । असंलग्न परराष्ट्र नीतिको यादले ज्वरो निकालेको छ । यही त हो गुलामहरूको धर्म । हाइब्रिड सत्ताका असली पहरेदारी ।

हुँदाहुँदा आजभोलि त ऋण पनि हाइब्रिड खेमाको भए लिने नत्र नलिने रे ! भनेपछि, दलालीको हद कहाँ पुगेछ, अनुमान लगाउन सकिन्छ । र आज देश यस्तै यस्तै झुण्डको कब्जामा छ । बोलवाला यिनैको छ । अनि यस्तोमा हामीले मध्यपूर्वका देशहरूमा विकसित घटनाक्रमलाई नियाल्नुपर्छ कि पर्दैन त ?

वास्तवमा यो भनेको मध्यपूर्वका देशहरू मरेको, मारिएको चिन्ता मात्र हैन, त्योभन्दा ज्यादा चिन्ता विश्व मानव जीवनमाथि काल पल्किएकोमा हो । एउटा स्वतन्त्र देशमाथि विध्वंस मच्चाउने हाइब्रिड सत्ता यानि कि पश्चिमा लोकतन्त्रको परिभाषासँग सती नजाने हो भने मान्छेले आफ्नो श्रेष्ठतालाई अझै पनि कायम राख्न सक्दछ ।

जसरी आज अफगानिस्तानले त्यो कोसिस गरिरहेको छ । एक पटकलाई मात्र काम दिने हाइब्रिड सत्ताको कानो बीज असरफ घानीहरू स्थानीय जातबाट विस्थापित भइसकेका छन् । तर अफगानिस्तानले लिएको यही बाटो तय गर्न सिरियाले बलिदानीको कोटा कति चुक्ता गर्नुपर्ने हो, कुनै ठेगान छैन ।

अन्त्यमा, हामी २१औं शताब्दीका सचेतजन हौं । तर यति भनेकै भरमा हाम्रो दायित्व पूर्ण हुँदैन । हामीले आफ्नो पहिचानलाई कायम राख्नुपर्छ । अन्यथा हाइब्रिड सत्ताको मालिकले सुमरेको धान-मकैको बीज झैं हमिद कारजाई, नूर मलिकी, असरफ घानी जस्ता नपुङ्सक मालहरुको आपूर्तिलाई निरन्तरता दिनेछ । जसमा भूस र ढुटो, बारुद, विषादी, चिहान अनि कंकालको थुप्रो बाहेक केही मिल्ने छैन । *(स्रोतः अनलाईनखबर)*

# स्वास्थ्य बिमामा आबद्ध कसरी हुने ?



**दिनेश अर्याल**

हाम्रो संविधानको मौलिक हकमै 'स्वास्थ्यको हक' उल्लेख छ, 'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि स्वास्थ्य सेवाबाट वञ्चित गरिनेछैन ।'

यस्तै संविधानको धारा ५१ (ज) मा 'नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीति' अन्तर्गत नागरिकको स्वास्थ्य बिमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने उल्लेख छ ।

नागरिकलाई सर्वसुलभ रूपमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न र स्वास्थ्य सेवा उपभोगमा सुधार ल्याउन सामाजिक स्वास्थ्य सुरक्षाका रूपमा २०७२ सालदेखि बिमा कार्यक्रम सुरु भएको थियो, यो कार्यक्रम हाल स्वास्थ्य बिमा बोर्डले सञ्चालन गर्दै आएको छ ।

स्वास्थ्य सेवा उपयोगका क्रममा हुने अनियोजित खर्चको जोखिमलाई अग्रिम व्यवस्थापन गर्दै वित्तीय संरक्षण प्रदान गर्ने अवधारणा अन्तर्गत सरकारले ल्याएको सामाजिक सुरक्षाको एक महत्त्वपूर्ण कार्यक्रम हो, स्वास्थ्य बिमा कार्यक्रम ।

गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकको अधिकारको संरक्षण गर्न, स्वास्थ्य बिमाद्वारा पूर्वभुक्तानीका माध्यमबाट बिमितको आर्थिक जोखिम न्यूनीकरण गर्न तथा स्वास्थ्य सेवा प्रदायकको दक्षता र जवाफदेहिता अभिवृद्धि गरी स्वास्थ्य सेवामा आम नागरिकको सहज पहुँच सुनिश्चित गर्न स्वास्थ्य बिमा ऐन २०७४ जारी भइसकेको छ ।

यस कार्यलाई थप व्यवस्थित गर्न स्वास्थ्य बिमा नियमावली २०७५ समेत पारित हुनु स्वास्थ्य बिमा कार्यक्रमका लागि एउटा महत्वपूर्ण खुड्किलो हो । यस नियमावलीले हालको सुविधाको थैलीलाई दुई गुणाले वृद्धि गर्नुका साथै ज्येष्ठ नागरिकका लागि सरकारले नै बिमा प्रिमियम तिरिदिने गरी छुट्टै एकाइको रूपमा वार्षिक एक लाख बराबरको स्वास्थ्य बिमाको व्यवस्था गरिएको छ । साथै, सम्पूर्ण संगठित क्षेत्रलाई आम्दानीको एक प्रतिशत योगदान गर्ने गरी बिमामा आबद्ध हुने अनिवार्य व्यवस्था गरिएको छ ।

बिमाबापतको रकम कुनै रोग विशेषलाई नभई साधन र स्रोतले भ्याएसम्म सबै प्रकारका रोगलाई दिइन्छ । यस अन्तर्गत ओपीडी सेवा, ल्याब, भर्ना, औषधिदेखि फार्मेसी परामर्श लगायत सेवा पाइन्छ ।

...बाँकी पृष्ठ ३ मा

# मानव अधिकार संरक्षणका लागि प्रजिअलाई ज्ञापनपत्र

समाज संवाददाता

हेटौंडाः अन्तर्राष्ट्रिय आप्रवासी दिवसको अवसरमा मकवानपुरका प्रमुख जिल्ला अधिकारी (प्रजिअ)लाई ज्ञापनपत्र बुझाइएको छ। बुधबार मानव अधिकार संरक्षण र मानव बेचबिखन विरुद्धको सञ्जालको आयोजना तथा माइती नेपालको व्यवस्थापनमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्न प्रजिअ तिर्थराज चिलुवाललाई ज्ञापनपत्र बुझाएको माइती नेपाल मकवानपुरकी संयोजक माया लामाले जानकारी दिनुभयो।

ज्ञापनपत्रमा जोखिममा परेकालाई स्वदेश फिर्ता गर्न आग्रह गरिएको छ। मानव बेचबिखन, जबरजस्ती करणी, यौनजन्य हिंसा र महिला हिंसाका विविध पक्षहरुलाई निराकरण गर्ने कार्यमा राज्यका विभिन्न निकायहरुसँग सहकार्य, समन्वय र छलफल गरी मानव बेचबिखन तथा लैङ्गिक हिंसा रोकथाम गर्न ज्ञापनपत्रमा अनुरोध गरिएको छ।

स्वदेश तथा विदेशमा बेचबिखनमा परेकाहरुको उद्दार र स्वदेश फिर्तीका लागि नेपाल-भारत सीमा नाकाहरुमा कार्यरत भारतीय र नेपाली सुरक्षा निकाय, नेपाल सरकारका सुरक्षा निकाय तथा यससंग सरोकार राख्ने विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसँग सहकार्य तथा समन्वय बढाउन ज्ञापनपत्रमा माग गरिएको छ। नेपाल-भारतको सीमा नाका भएर भारतका विभिन्न शहरहरुमा गैरकानूनी तरिकाले मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित नेपाली नागरिकहरुको उद्दार तथा स्वदेश फिर्ती प्रक्रियामा रहेका अस्पष्टता अन्त्यका लागि ध्यानाकर्षण भएको जनाइएको छ।

ज्ञापनपत्र बुझाउने कार्यक्रममा छोराछोरी उद्दारकी रिता लामा, ओसिएमसी हेटौंडाकी अमृता लामा, अस्मिता नेपालकी संयोजक आरती पाठक, माइती नेपालकी मन लामा र माया लामालगायतको उपस्थिति रहेको थियो।

'सुरक्षित आप्रवासनको आधार सूचना र सीपसहितको रोजगार' भन्ने नाराका साथ दिवस मनाइएको छ। दिवसका अवसरमा हेटौंडा-८ का किशोरकिशोरीलाई जनचेतनामूलक अभिमुखीकरणसमेत गरिएको थियो।

# सूर्य मावि ३५ जनाद्वारा रक्तदान

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिका-१, माझगाउँस्थित सूर्य माध्यमिक विद्यालयको स्वर्ण जयन्तीको अवसरमा बिहीबार रक्तदान कार्यक्रम भएको छ।

विद्यालय परिसरमा भएको कार्यक्रममा ३५ जनाले रक्तदान गरेका छन्। रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम भएको हो। रक्तदान कार्यक्रममा गाउँपालिकाका अध्यक्ष सर्केस घलान, शिक्षा शाखा प्रमुख प्रमोद राई, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वीरबहादुर राईको पनि आतिथ्य रहेको थियो।

## अफ्रिकन स्वाइन फिभर बारे जानकारी:

अफ्रिकन स्वाइन फिवर सुगुर, बंगुर, बदेला लाग्ने विषाणुजन्य संक्रामक रोग हो।

यस रोगको सङ्क्रमण दर १००% र मृत्युदर ५-१००% सम्म हुन सक्छ ।

**रोग सर्ने कारणहरु:**
सङ्क्रमित बंगुर, सुंगुर र बँदेल बीच प्रायः सम्पर्कबाट।
रोगी पशुको र्‍याल, रगत, मलमुत्र मानु वा यिनीहरुको लसपसमा आएका दानापानी लगायतका सामग्री मार्फत।
सङ्क्रमित खोरमा गएको मानिसहरुको कपडा, जुत्ता, चप्पल आदि मार्फत।
बंगुरलाई फोहोर वा खेर फालेको सङ्क्रमित खाना खुवाएर आदि।

**मुख्य लक्षणहरु :**
उच्च ज्वरो आउने
दानापानी नखाने, झोक्राउने, शरीरमा रगतका धम्वाहरु देखिने, कानको टुप्पोमा, खुट्टामा र पेटको तल्लो भागमा रगत जमेका कालानिला डामहरु देखिने
ब्याउने बंगुरहरु तुहिने, श्वास प्रश्वासमा समस्या देखिने, रगत मिश्रित पखला हुने
प्राय लक्ष्यण देखिएको ८-१० दिनमा मृत्यु हुने

**उपचार र रोकथाम:**
हालसम्म ठोस उपचार नभएको र हान्सम्म अन्तर्राष्ट्रिय मान्यताको खोप पनि नभएको।
जैविक सुरक्षाका उपायहरु र असल बंगुर पालन अभ्यास नै रोकथामको बिकल्प रहेको।

पशु सेवा कार्यालय मकवानपुर

# हेटौंडामा पुस १३ गतेबाट सडक खाना महोत्सव

समाज संवाददाता

हेटौंडाः यही पुस १३ गतेदेखि हेटौंडामा सडक खाना महोत्सव हुने भएको छ। सन् २०२५ को पूर्वसन्ध्यामा होटल एशोसिएसन मकवानपुरले ४ दिने सडक खाना महोत्सव आयोजना गर्ने भएको हो।

'सडकमा जाऔं, सडकमा खाऔं, सडकमै रमाऔं' भन्ने मूल नाराका साथ होटल एशोसिएसन अफ मकवानपुरले सडक खाना महोत्सवको आयोजना गर्ने तयारी गरेको हो। पर्यटन प्रवर्द्धनलाई लक्षित गर्दै सडक खाना महोत्सव गर्ने तयारी गरिएको होटल एशोसिएशन मकवानपुरका पूर्व अध्यक्ष एवम् कार्यक्रम संयोजक शंकरलाल श्रेष्ठले जानकारी दिनुभएको छ।

हेटौंडा-४ स्थित हुप्रचौरको पूर्वतर्फको सडकमा पुस १३ गतेदेखि १६ गतेसम्म सडक खाना महोत्सव हुने संयोजक श्रेष्ठले बिहीबार आयोजित पत्रकार सम्मेलनमार्फत जानकारी दिनुभयो। महोत्सवमा खानाका पारखीहरुलाई परम्परागतदेखि आधुनिक परिकारको स्वाद चखाउने र स्थानीय कलाकारहरुको साँस्कृतिक नृत्य, गायनद्वारा भरपुर मनोरञ्जन दिने मुख्य उद्देश्य रहेको उहाँले बताउनुभयो।

५० वटा स्टलहरु राखिने महोत्सवमा १४ लाख ५० हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको छ। आयोजकका अनुसार महोत्सवमा ४० हजार खानाका पारखीले अवलोकन गर्ने र ७० लाख रुपैयाँसम्म कारोवार हुने अनुमान गरिएको छ। महोत्सव संचालनका लागि सुरक्षा निकाय र आवश्यक स्वयंसेवक परिचालन, सुरक्षाको व्यवस्थापन, फोहोर व्यवस्थापन लगायतका व्यवस्थापन हुनेछ भने महोत्सवमा विभिन्न साँस्कृतिक नाचहरुको प्रवर्द्धनको व्यवस्था गरिएको छ।

# हाजिरीजवाफमा ब्रह्मदिक् एकेडेमी प्रथम

समाज संवाददाता

हेटौंडाः छैठौं रणबहादुर थापा स्मृति हाजिरीजवाफ प्रतियोगितामा ब्रह्मदिक् एकेडेमी प्रथम भएको छ। हेटौंडा-७ स्थित तासिर ईङलिस सेकेण्डरी स्कूलले बिहीबार आयोजना गरेको प्रतियोगितामा २२ वटा विद्यालयको सहभागिता रहेको थियो।

प्रतियोगितामा तुलसी मेहर मेमोरियल विद्यालय द्वितीय र सोलिड्यारिटी इन्टरनेशनल एकेडेमीले तृतीय हुन सफल भयो। प्रथम स्थान हासिल गरेको ब्रह्मदिक्ले नगद २० हजार १५५ रुपैयाँ, द्वितीय स्थान हासिल गरेको तुलसी मेहरले १५ हजार १५५ रुपैयाँ, तृतीय स्थान हासिल गरेको सोलिड्यारिटीले १० हजार १५५ रुपैयाँसहित मेडल, ट्रफि र प्रमाणपत्र प्राप्त गरेको छ।

तासिर ईङलिस सेकेण्डरी विद्यालयका संस्थापक राजन थापाका पिताको स्मृतिमा हरेक वर्ष हाजिरीजवाफ प्रतियोगिता आयोजना गरिँदै आएको छ। रामहरि कार्कीको अध्यक्षता तथा बागमती प्रदेशका वन तथा वातावरण मन्त्री कृष्ण प्रसाद सिलवालको प्रमुख आतिथ्यमा भएको रहेको कार्यक्रममा संस्थापक राजन थापा, संस्थापक राजन थापाकी माता नीरकुमारी थापा, प्रिन्सिपल विनोद थपलिया, प्रमुख सल्लाहकार दिलबहादुर श्रेष्ठ, विद्यालय व्यवस्थापन समितिका सदस्य प्रेम चौलागाईको उपस्थिति रहेको थियो।

# बकैयामा झोलुङ्गे पुल शिलान्यास

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिकामा झोलुङ्गे पुल निर्माण कार्यको थालनीस्वरुप शिलान्यास गरिएको छ। ईस्थर बेन्जामिन स्मृति संस्थासँगको सहकार्यमा बकैया १२ धोत्रेदामारमा झोलुङ्गे पुल निर्माण कार्य सुरु भएको हो।

बिहीबार बकैया गाउँपालिकाका अध्यक्ष्य धर्मराज लामिछाने र ईस्थर बेन्जामिन स्मृति संस्थाका कार्यक्रम अधिकृत सानु कान्छा घलानको उपस्थितिमा शिलान्यास कार्य सम्पन्न भएको हो। २०७२ सालको भूकम्पले जीर्ण बनाएको कालाभैरव आधारभूत विद्यालय यसअघि संस्थाकै सहयोगमा निर्माण सम्पन्न भएको थियो। बालबालिका तथा स्थानीयको आवतजावतलाई सहज बनाउने उद्देश्यले झोलुङ्गे पुल निर्माण गर्न लागिएको हो। बकैया गाउँपालिकाको प्राविधिक सहयोग तथा संस्थाको ४० लाख रुपैयाँ सहयोगमा पुल निर्माण कार्य सम्पन्न गरिने छ। कार्यक्रममा बकैया गाउँपालिका सामाजिक विकास संयोजक तथा वडा नम्बर ११ का अध्यक्ष गोपाल न्यासुर, वडा नं १२ का अध्यक्ष ज्ञानेन्द्र बजगाई, इन्जिनियर प्रमोद रिजाल, १२ नं वडा का सचिब दीपक घिमिरेलगायतको उपस्थिति रहेको थियो।

# हिरोका दुई नयाँ मोटरसाइकल हेटौंडामा

समाज संवाददाता

हेटौंडाः भारतीय ख्यातीप्राप्त ब्राण्ड हिरोको २ वटा मोडलका मोटरसाइकल बिहीबार हेटौंडामा सार्वजनिक भएको छ। हेटौंडा-४, गरुडपथस्थित शोरुममा हिरोको नयाँ मोडल आर फोरभी एक्स्ट्रिम १२५ सिसीको र आर फोरभी एक्स्ट्रिम १६० सिसीको बाइक सार्वजानिक गरेको छ। ओम अलिशा अटोमोटिभ प्रालि हेटौंडाका सञ्चालक ओम गिरीको सभाध्यक्षमा तथा मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कुमार गुप्ताको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो। सञ्चालक गिरीले नयाँ मोडलका मोटरसाइकलको विशेषताको विषयमा जानकारी गराउनुभएको थियो।

# *स्वास्थ्य बिमामा...*

स्वास्थ्य बिमामा आबद्ध हुनका लागि प्रतिपरिवार ३५०० का दरले शुल्क भुक्तानी गर्नुपर्ने हुन्छ। प्रतिपाँच जनाको परिवारलाई एक एकाइ मान्ने गरिन्छ। पाँच जना र सोभन्दा कम जति भए पनि ३५०० रुपैयाँ नै आवश्यक पर्छ। पाँच जनाभन्दा बढी छन् भने प्रतिसदस्य ७०० थप्दै जानुपर्ने हुन्छ। त्यस्तै, थप भएको सदस्यलाई २० हजारको दरले रकम बढ्दै जान्छ।

पाँच जनाभन्दा बढी सदस्य रहेको हकमा प्रतिसदस्य अतिरिक्त सात सय खर्च गरेर वार्षिक एक लाखमा क्रमशः २० हजारका दरले औषधी उपचारको सुविधा थपिँदै जान्छ। ज्येष्ठ नागरिक छन् भने प्रतिज्येष्ठ नागरिकले १ लाख रुपैयाँको उपचार सेवा पाउँछन्।

अहिले बिमा बोर्डले को-पेमेन्ट लागु गरेको छ। यो भनेको कुनै पनि सदस्यले एक हजारको उपचार लिएको छ भने उसले १० प्रतिशत अर्थात् १ सय रुपैयाँ तिर्नुपर्ने हुन्छ तर स्वयंसेविका, ज्येष्ठ नागरिकको हकमा यो लागु हुँदैन।

**आबद्ध कसरी हुने ?**

प्रदेश, जिल्ला हुँदै प्रत्येक वार्डसम्म स्वास्थ्य बिमा बोर्ड केन्द्रको संरचना रहेको छ। स्वास्थ्य बिमा बोर्डको केन्द्रीय कार्यालय काठमाडौंमा छ भने प्रत्येक प्रदेशमा प्रदेश कार्यालय, प्रत्येक जिल्लामा सम्पर्क कार्यालय रहेका छन्। त्यस्तै जिल्लाले हेर्ने गरी प्रत्येक वडामा दर्ता सहयोगी खटाइएका छन्।

आबद्ध हुन चाहने व्यक्तिहरूले आफ्नो वडाको दर्ता सहयोगीमार्फत बिमा गराउन सक्छन्।

कुनै पनि बिमितले आफूले बिमा राख्दा प्रथम सेवा बिन्दुमा एउटा हस्पिटल वा स्वास्थ्य चौकी राख्नुपर्छ। आफूले राखेको स्वास्थ्य संस्थामा आफ्नो उपचार हुन सकेन भने अर्थात् थप उपचारका लागि अन्य ठुला हस्पिटलमा जानुपर्ने अवस्था आयो भने सम्बन्धित संस्थाले निजलाई आवश्यकता हेरी नियमानुसार अर्को हस्पिटलमा लेखी पठाउने व्यवस्था छ।

*(लेखक अर्याल स्वास्थ्य बिमा बोर्ड, टेकुका दर्ता अधिकारी हुन्। स्रोतः रातोपाटी)*

## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधिको आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरबाट दरखास्त आव्हान गरिन्छ।

- **कार्यक्षेत्र** : हेटौंडा उपमहानगरपालिका।
- **अनुभव** : आवश्यक छैन।
- **काम** : personal care, food supplement, clothes, grocery product हरुको प्रवर्द्धन गर्ने।
- **आफ्नो वायोडाटा निवेदनको साथ पेश गर्नुहोला।**



**सेवा सुविधाहरू**

- तलब : १५,००० बाट सुरु भई १,००,००० सम्म,
- अन्य सेवा सुविधा सप्लायर्सको नियम अनुसार हुनेछ।

**सम्पर्क**
मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२०२३६
स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर

## सगरमाथा बचत तथा ऋण सहकारी संस्था लि.को
## २३ औं वार्षिक साधारणसभासम्बन्धी जरुरी सूचना

श्री सम्पुर्ण शेयरधनी महानुभावज्यूहरु,

यस संस्थाको मिति २०८१/०८/२२ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस संस्थाको २३ औं वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा हुने भएकोले संस्थाको सम्पुर्ण शेयर सदस्य महानुभावहरुको जानकारी तथा उपस्थितीका लागि हार्दिक अनुरोध गरिएको छ।

**सभा हुने मिति स्थान र समय**
मिति : २०८१/०९/१३ गते शनिबार,
स्थान : बालकुमारी पार्टी प्यालेस, हेटौंडा-४, मकवानपुर
समय : विहान १०:०० बजे।

**वार्षिक साधारण सभामा छलफल गरिने विषयहरु:**
- अध्यक्षको प्रतिवेदन प्रस्तुत र पारित गर्ने सम्बन्धमा।
- लेखा समितिको प्रतिवेदन उपर छलफल र पारित गर्ने सम्बन्धमा।
- आ.व. २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदन उपर छलफल र पारित गर्ने सम्बन्धमा।
- संस्थाको कार्यक्षेत्र विस्तार गर्ने सम्बन्धमा।
- प्रमुख कार्यकारी अधिकृत/व्यवस्थापकको तलब तथा भत्ता निर्धारण सम्बन्धमा।
- संचालक समितिको निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा।
- आ.व.२०८०/०८१ का लागि लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
- वार्षिक साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न हस्ताक्षर गर्ने प्रतिनिधि चयन गर्ने सम्बन्धमा।
- लेखा तथा सुपरीवेक्षण समितिको सदस्यको चयन गर्ने सम्बन्धमा।
- भाखा नाघेको ऋण असुली सम्बन्धमा।
- विविध सम्बन्धमा।

रामचन्द्र नेपाल
सचिव
**सगरमाथा बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-४, मकवानपुर

## "भविष्यको लागि जीवन बीमा गरी निश्चिन्त हुनुहोस्।"

*"भविष्यको लागि जीवन बीमा गरी निश्चिन्त हुनुहोस्।"*

**हाम्रा सेवाहरू :-**

सावधिक जीवन बीमा, सावधिक (दोहोरो दुर्घटना लाभ समेत), बालबच्चाको शिक्षा तथा विवाह, जीवन साथी, जीवन सुरक्षा, म्यादी (मेरो जीवन बीमा र हाम्रो जीवन बीमा) र सामूहिक सावधिक जीवन बीमा।

(राष्ट्रसेवक समेत)।
"बीमाको क्षेत्रमा विश्वसनीय नाम"

राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड
Rastriya Jeewan Beema Company Limited
प्रधान कार्यालयः– रामशाहपथ, काठमाडौं, फोन नं. ०१–५३६२५२०
ईमेलः– info@rbs.gov.np, वेभसाईटः– www.rbs.gov.np

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

# बकैया गाउँपालिकामा अर्धवार्षिक परीक्षा सुरु



*गीतावर आधारभूत विद्यालयमा परीक्षामा सहभागी विद्यार्थी ।*

समाज संवाददाता

हेटौँडाः मकवानपुरको बकैया गाउँपालिकामा बिहीबारबाट अर्धवार्षिक परीक्षा सुरु भएको छ । परीक्षाको पहिलो दिन ७ हजार ५ सय जना परीक्षार्थी परीक्षामा सम्मिलित रहेको गीतावर आधारभूत विद्यालयका प्रधानाध्यापक हरिहर खनालले जानकारी दिनुभयो ।

गाउँपालिका अन्तर्गतका ७६ वटा सामुदायिक विद्यालय रहेका छन् । परीक्षा पुस १२ गतेसम्म सञ्चालन हुनेछ । बकैया गाउँपालिकामा ५३ वटा प्राथमिक विद्यालय, ११ वटा निम्न माध्यमिक र १२ वटा माध्यमिक तहका विद्यालय छन् । चालु शैक्षिक सत्रमा बकैया गाउँपालिकाका ७६ वटा विद्यालयमा ८ हजार ३ सय ८३ जना विद्यार्थी भर्ना भएकोमा दोस्रो त्रैमासिक परीक्षामा ७ हजार ५०० जना विद्यार्थी मात्रै परीक्षामा सम्मिलित भएका छन् ।

४ कक्षादेखि १० कक्षासम्मको परक्षिा गाउँपालिकास्तरीय परीक्षा समन्वय समितिले लिएको हो । परीक्षा दुई सिफ्टमा सञ्चालन भइरहेको बकैया गाउँपालिकास्तरीय परीक्षा समन्वय समितिका सचिव हरिहर खनालले बताउनुभयो । पहिलो समुहमा कक्षा-४, ५ र ८ को बिहान १०:३० बजेबाट परीक्षा सुरु हुनेछ भने दोस्रो समूहमा कक्षा-६, ७, ९ र १० को दिउँसो १ बजेबाट परीक्षा सञ्चालन हुँदैछ ।

# अमर माध्यमिक विद्यालय व्यवस्थापन समितिमा गिरी

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१, चाइनाक्वाटरस्थित अमर माध्यमिक विद्यालयको व्यवस्थापन समिति अध्यक्षमा जानकी गिरी सर्वसम्मत चयन हुनुभएको छ । बिहीबार बसेको विद्यालय व्यवस्थापन समितिको बैठकले गिरीलाई सर्वसम्मत अध्यक्ष चयन गरेको हो । गिरी अमर माध्यमिक विद्यालय व्यवस्थापन समितिको पहिलो महिला अध्यक्ष समेत हुनुहुन्छ ।

गत मंसीर २१ गते विद्यालयको ३२ औं अभिभावक भेलाबाट विद्यालय व्यवस्थापन समितिको सदस्यमा ४ जना सर्वसम्मत चयन हुनुभएको थियो । अभिभावक भेलाबाट धनबहादुर तामाङ, शर्मिला अधिकारी, बसन्त अर्याल र विमला थापा सर्वसम्मत सदस्य चयन हुनुभएको थियो । अमर माध्यमिक विद्यालयकी प्रधानाध्याक मालती उप्रेतीका अनुसार सोमबार बसेको विद्यालय व्यवस्थापन समितिको बैठकबाट चन्दादातातर्फ जानकी गिरी र शिक्षासेवीतर्फ रामकुमार बर्तौलालाई विद्यालय व्यवस्थापन समितिको सदस्य चयन गरिएको थियो । बर्तौला विद्यालयका पूर्वप्रधानाध्यापक समेत हुनुहुन्छ ।

गत वर्ष फागुनमा नै विद्यालय व्यवस्थापन समितिको नयाँ कार्यसमिति गठन गर्नुपर्ने थियो । अभिभावक भेला ढिला गरी हुँदा नयाँ समिति गठन हुन सकेको थिएन । विद्यालय व्यवस्थापन समितिको अध्यक्षसहित ९ कार्यसमिति सर्वसम्मत चयन भएसँगै कार्यसमितिले पूर्णता पाएको छ ।


•पैदलयात्रीले सडक पेटीको प्रयोग गर्ने गरौं ।
•जेब्रा क्रसिङ प्रयोग गर्ने पैदलयात्रीलाई बाटो काट्न प्राथमिक दिऔं ।
•ट्राफिक नियमको पालना गरेर सुरक्षित यात्रा सुनिश्चित गरौं ।
समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर


# अर्धवार्षिक परीक्षाः पालिकासँग छैन अनुपस्थित विद्यार्थीको तथ्यांक

जमुना तामाङ

हेटौंडाः मकवानपुरका अधिकांश सामुदायिक विद्यालयमा धमाधम अर्धवार्षिक परीक्षा भइरहेको छ । केही विद्यालयमा गत सोमबारबाट सुरु भएको छ भने केही विद्यालयमा बिहीबारबाट सुरु भएको छ । यस्तै, केही विद्यालयले अर्धवार्षिक परीक्षा सञ्चालन गरिसकेका छन् भने केहीले पुस ८ गतेबाट परीक्षा सञ्चालनको तयारी गरिरहेका छन् ।

अर्धवार्षिक परीक्षा सञ्चालन भइरहँदा सबै विद्यार्थी परीक्षामा उपस्थित छैनन् । अर्धवार्षिक परीक्षामा उपस्थित हुन नसक्नुको मुख्य कारण बालविवाह, गरिबी र अन्य विद्यालयमा पढ्न गएको हुनसक्ने बताइएको छ । कति विद्यार्थीले परीक्षा दिइरहेका छन् वा छैनन् भन्ने बारेमा स्थानीय सरकार (पालिका) भने बेखबर छ ।

नगरस्तरीय शैक्षिक समन्वय समिति हेटौंडाले उपमहानगरभित्रका ७३ सामुदायिक विद्यालयमध्ये ५८ वटा विद्यालयमा अर्धवार्षिक परीक्षा सञ्चालन गरिरहेको छ । ती विद्यालयमध्ये हेटौंडा-१४, मयूरधापस्थित जनज्योति माध्यमिक विद्यालय र हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयलाई हेर्दा मात्र अर्धवार्षिक परीक्षामा विद्यार्थी अनुपस्थित उल्लेख्य रहेको पाइएको छ ।

जनज्योति माध्यमिक विद्यालयका प्रधानाध्यापक भोगेन्द्र लुईंटेलले विद्यालयमा भर्ना भएका ५ सय १४ जनामध्ये ८ जना परीक्षामा अनुपस्थित भएको जानकारी दिनुभयो । दुई जनाले सानै उमेरमा विवाह गरेको र एक विद्यार्थीले बिरामी बाबुलाई स्याहार गर्नुपर्ने भन्दै विद्यालय छाडेको उहाँ बताउनुहुन्छ । परीक्षामा अनुपस्थितमध्ये एक/दुई जना अन्य विद्यालय पढ्न गएका छन् भने विद्यालय छाडेकामध्ये अन्य विद्यार्थीले किन पढाइ छोडे त्यो यकिन नभएको उहाँले बताउनुभयो ।

**अर्धवार्षिक परीक्षा सञ्चालन भइरहँदा सबै विद्यार्थी परीक्षामा उपस्थित छैनन् । अर्धवार्षिक परीक्षामा उपस्थित हुन नसक्नुको मुख्य कारण बालविवाह, गरिबी र अन्य विद्यालयमा पढ्न गएको हुनसक्ने बताइएको छ । कति विद्यार्थीले परीक्षा दिइरहेका छन् वा छैनन् भन्ने बारेमा स्थानीय सरकार (पालिका) भने बेखबर छ ।**

आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयमा भर्ना भएका २ हजार ३ सय ४९ विद्यार्थीमध्ये ३४ जना विद्यार्थीले अर्धवार्षिक परीक्षा दिएका छैनन् । केही विद्यार्थी बिरामी भएका कारणले परीक्षामा अनुपस्थित भएको आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयका परीक्षा संयोजक कृष्णगोपाल श्रेष्ठले जानकारी दिनुभयो । तर भर्ना भएका सबै विद्यार्थी परीक्षामा किन उपस्थित भएनन् भन्ने विषय जानकारी नभएको उहाँले बताउनुभयो ।

यसैगरी, भीमफेदी गाउँपालिकाकाभित्र रहेका ४६ वटा सामुदायिक विद्यालयमा पनि अर्धवार्षिक परीक्षा सञ्चालन भइरहेको छ । भीमफेदी गाउँपालिका-५, सुपिङमा रहेको महालक्ष्मी माध्यमिक विद्यालयमा भर्ना भएका एक सय ४६ विद्यार्थीमध्ये ३ जनाले अर्धवार्षिक परीक्षा दिएका छैनन् । विद्यालयकी प्रधानाध्यापक उषा आचार्यले दुई विद्यार्थी बसको सहचालक बनेका कारण परीक्षामा अनुपस्थित भएको जानकारी दिनुभयो । एक विद्यार्थी भने दशैंको लामो बिदापछि विद्यालय नै नआएको उहाँ बताउनुहुन्छ ।

कक्षा ३ सम्म पठनपाठन हुने भीमफेदी गाउँपालिका-८, ईपा देउरालीस्थित देउराली प्राथमिक विद्यालयमा भर्ना भएका १४ जना विद्यार्थीमध्ये एक जना अनुपस्थित छन् । विद्यालयका कुसुमकुमार दानीले सामान्य बिरामीका कारण ती विद्यार्थी परीक्षामा सहभागी नभएको जानकारी दिनुभयो ।

मकवानपुरकै मनहरी गाउँपालिकाभित्र रहेका ३२ वटा सामुदायिक विद्यालयमा पनि अर्धवार्षिक परीक्षा सञ्चालन भइरहेको छ । मनहरी गाउँपालिका-४, मसिनेस्थित पशुपतिनाथ माध्यमिक विद्यालयमा भर्ना भएका ४ सय ४८ विद्यार्थीमध्ये ४ सय १४ जनामात्र परीक्षामा सहभागी भएका छन् । विद्यालयका प्रधानाध्यापक भानुभक्त आचार्यले ६ दशमलव २१ प्रतिशत विद्यार्थी अर्धवार्षिक परीक्षामा अनुपस्थित भएको जानकारी दिनुभयो ।

मनहरी गाउँपालिका शिक्षा शाखाका प्रमुख प्रदीप पराजुलीले भन्नुभयो- ‘पालिकाभित्रका विद्यालयमा कति विद्यार्थीले परीक्षा दिइरहेका छन् र कति जनाले दिएका छैनन् भन्ने विषय पालिकाले खोजी गर्नु ठूलो विषय होइन ।’ तर, पालिकाले जनशक्ति व्यवस्थापन गर्न नसक्दा परीक्षामा उपस्थित र अनुपस्थित विद्यार्थीको तथ्यांक तत्काल राख्न नसकिएको बताउनुभयो । यस्तै, भीमफेदी गाउँपालिका शिक्षा शाखा प्रमुख चक्र साउदले सबै ठाउँमा विद्यालयको नम्बर नलाग्ने कारण परीक्षामा उपस्थित र अनुपस्थित विद्यार्थीको तथ्यांक लिन नसकिएको जानकारी दिनुभयो । परीक्षा सकिएपछि पालिकाले सबै विद्यालयबाट विवरण लिने उहाँले बताउनुभयो ।

जनज्योति माध्यमिक विद्यालयका प्रधानाध्यापकसमेत रहनुभएका नगरस्तरीय शैक्षिक समन्वय समिति हेटौंडाका अध्यक्ष भोगेन्द्र लुईंटेलले सबै विद्यालयबाट विद्यार्थीको विवरण लिन नसक्ने बताउनुभयो । हेटौंडा उपमहानगरले उपमहानरभित्रका विद्यालयको अर्धवार्षिक परीक्षामा उपस्थित र अनुपस्थित विद्यार्थीको तथ्यांक माग गरे परीक्षा सकिएपछि उपलब्ध गराउने उहाँले जानकारी दिनुभयो ।


हार्दिक बधाई



२०८० सालको एसईईमा ४ जीपीएसहित उत्कृष्ट नतीजा हासिल गर्न सफल हेटौँडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूललाई जिल्ला समन्वय समिति मकवानपुरले वार्षिक समीक्षा समारोहमा संस्थागत विद्यालयतर्फ जिल्लाकै सर्वोत्कृट विद्यालयको रुपमा सम्मानित गरेकोमा विद्यालय परिवारलाई हार्दिक बधाई ज्ञापन गर्दै आगामी दिनमा पनि उत्कृष्ट नतीजा हासिल गर्न सफलता मिलोस् भनी शुभकामना व्यक्त गर्दछौं ।

श्यामकुमार बानियाँ
संस्थापक प्रिन्सीपल
एवम् ज्ञानोदय बालबाटिका आवासीय माध्यमिक विद्यालय परिवार
हेटौंडा-५, पिप्ले

हार्दिक बधाई



जेसीआई हेटौडा लेडीको साधारणसभाबाट सर्वसम्मत निर्वाचित अध्यक्ष जेसी अस्मिता न्यौपाने, कार्यकारिणी उपाध्यक्ष जेसी पुजा बस्नेत र जेसी ईन्दु बानियाँ, उपाध्यक्षमा जेसी प्रतिमा बर्तौला, जेसी दिप्ति अधिकारी, जेसी आयुषा फुयाल र जेसी अस्मिता श्रेष्ठ सर्वसम्मत निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

जेसी रश्मि बस्नेत
अध्यक्ष, जेसीआई हेटौंडा लेडी वर्ष-२०१२

जेसी सुशीला पौडेल
अध्यक्ष, जेसीआई हेटौंडा लेडी वर्ष-२०२०


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ